# भैरबी राजपत्र

खण्ड ५) भैरीकालिकाथुम, दैलेख, चैत्र २३ गते, २०७९ साल (संख्या ३ भाग-२

**भैरबी गाउँपालिका**

**भैरबी गाउँ कार्यपालिकाको कार्यालयबाट प्रकाशित**

## भैरबी प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७९

**प्रस्तावना:** प्रशासकीय कार्यविधि नियमित गर्न र भैरवी गाउँपालिकाको नीति तथा कार्यक्रम, बजेट, वार्षिक कार्यक्रम कार्यान्वयन गर्न र नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई लागू गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधान बमोजिम भैरवी गाउँ सभाले यो ऐन बनाएको छ।

**१.संक्षिप्त नाम, विस्तार र प्रारम्भः**

(१) यस ऐनको नाम भैरवी प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७९ रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा:** (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "ऐन" भन्नाले भैरवी गाउँपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७९ सम्झनु पर्छ।

(ख) "कार्यपालिका" भन्नाले भैरवी गाउँ कार्यपालिका सम्झनु पर्छ।

(ग) "गाउँपालिका" भन्नाले भैरवी गाउँपालिका सम्झनु पर्छ ।

(घ) "सभा" भन्नाले भैरवी गाउँ सभा सम्झनु पर्छ ।

**३. नियम, निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन बनाउने अधिकार:** (१) प्रशासकीय कार्यविधि नियमित गर्न र भैरवी गाउँपालिकाको नीति तथा कार्यक्रम, बजेट, वार्षिक कार्यक्रम कार्यान्वयन गर्न नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्र भित्रका विषयमा आवश्यक कानून बनाई लागू गर्न भैरवी गाउँ कार्यपालिकाले आवश्यक नियम, निर्देशिका, कार्यविधि, मापदण्ड र गठन आदेश बनाउन सक्नेछ।

**४. खारेजी र बचाउः** (१) भैरबी गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७७ खारेज गरिएको छ।

(२) भैरबी गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७७ बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भएको मानिनेछ।

| |
|---|
| **प्रमाणीकरण मितिः** २०७९/११/१८ |

आज्ञाले
लक्ष्मी कुमार बि.क.
प्रमुख प्रशासकीय अधिकृत